# नेपाल मत्स्य समाज
# जलीय जैविक स्रोत अनुसन्धान कोष
# (Aquatic Bio-Resources Research Fund)
# छात्रवृत्ति प्रदान सम्वन्धी सुचना

मत्स्य र अन्य जलचरहरूको वर्गिकरण विज्ञान र नामपद्धति, सम्बन्धी लगायत अन्य जलीय जैविक स्रोतको अध्ययन अनुसन्धानबाट नेपालको जलीय सम्पदाको संरक्षण र दिगो सदुपयोगमा सघाउ पुर्याउने उद्धेश्यले यस नेपाल मत्स्य समाजद्वारा "**जलीय जैविक स्रोत अनुसन्धान कोष (Aquatic Bio-Resources Research Fund)**" स्थापित गरिएकोछ। यस कोष अन्तर्गत १(एक) जना शोधकर्तालाई बढीमा रु. ५०,०००।- (अक्षरेपी पचास हजार रूपैयाँ) मात्र छात्रवृत्ति प्रदान गरिनेछ। यसकोषबाट छात्रवृत्ति प्राप्त गर्न चाहेका सम्भाव्य उम्मेदवारले नेपालको कुनै विश्वविधालय वा शिक्षण संस्थामा मत्स्य विज्ञान अन्तर्गत एम.एस्सी./एम.फिल/पिएच.डी. डिग्रीको लागि आंशिक वा पूर्णकालीन अनुसन्धानमा संलग्न रहेको हुनु पर्नेछ। जलीयजीवको Taxonomy सम्बन्धी विषयमा आफ्नो शोधपत्र तयारीको लागि अनुसन्धान गर्न इच्छुक बिद्यार्थिहरुले अध्ययनरत संस्थाको सुपरिवेक्षक र विभागीय प्रमुखबाट प्रस्ताव स्वीकृत गराई नेपाल मत्स्य समाज समक्ष आवेदन दिन सक्नेछन्।

अतः इच्छुक उम्मेदवारको लागि कोषको व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि–२०७८ को अनुसूची २ मा तोकिए बमोजिमको आवेदन फाराम (Fellowship Application Form) अनुरुपको प्रस्ताव आब्हान गरिन्छ। प्रस्ताव समाजको कार्यालयमा वा nefis.office@gmail.com ईमेल मार्फत मिति २०७९।०४।१६ गते साँज ५ बजेसम्म आवश्यक कागजात सहित पेश गरी सक्नु पर्नेछ।

**<u>पुनश्चः</u>** अनुसन्धान कोष सम्वन्धि विस्तृत जानकारीका लागी कोषको व्यवस्थापन तथा कार्यान्वयन कार्यविधि–२०७८ यस समाजको वेभसाईट www.nefis.org.np बाट प्राप्त गर्न सकिनेछ र अन्य थप जानकारीका लागी मोबाईल नम्बर ९८५१०३८९८७ र ९८४३२१६८६९ मा सम्पर्क गर्नका साथै nefis.office@gmail.com मार्फत पत्राचार गर्न सकिने छ।

----------------

**प्रमोद कुमार रिजाल**
**अध्यक्ष, नेपाल मत्स्य समाज**